# भाग ५

नेपाल सरकार

कृषि तथा सहकारी मन्त्रालयको सूचना

**बर्ड फ्लु रोग नियन्त्रण (पहिलो संशोधन) आदेश, २०६५**

बर्ड फ्लू रोग नियन्त्रण आदेश, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, दैवी प्रकोप (उद्धार) ऐन,२०३९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "बर्ड फ्लु रोग नियन्त्रण (पहिलो संशोधन) आदेश, २०६५" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **बर्ड फ्लु रोग नियन्त्रण आदेश,२०६४ को दफा २ मा संशोधनः** बर्ड फ्लु रोग नियन्त्रण आदेश,२०६४ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को,-

(१) खण्ड (ग) मा रहेको "प्वाँख" भन्ने शब्द पछि "र भुत्ला" भन्ने शब्दहरु थपिएका छन् ।

(२) खण्ड (घ) मा रहेका "उपयोग हुने" भन्ने शब्दहरु पछि "जैविक पदार्थ," भन्ने शब्दहरु थपिएका छन् ।

(३) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) "बर्ड फ्लु रोग" भन्नाले विश्व पशु स्वास्थ्य संगठनले हाईली प्याथोजेनिक एभियन ईन्फ्लुएन्जा भनी तोकेको भाईरसको स्ट्रेनबाट उत्पन्न हुने रोग सम्झनु पर्छ ।"

३. **मूल आदेशको दफा ३ मा संशोधनः** मूल आदेशको दफा ३ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु रहनेछन्:-

(क) प्रमुख जिल्ला अधिकारी -अध्यक्ष

(ख) स्थानीय विकास अधिकारी -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) प्रमुख, जिल्ला जनस्वास्थ्य कार्यालय -सदस्य
(घ) प्रमुख, पशु क्वारेन्टाइन कार्यालय, चेकपोष्ट -सदस्य
(ङ) प्रमुख, जिल्ला सुरक्षा निकाय
(नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी) -सदस्य
(च) प्रमुख, भन्सार कार्यालय -सदस्य
(छ) प्रमुख, नापी कार्यालय -सदस्य
(ज) जिल्ला मासु व्यवसायी संघ वा
मासु व्यवसायीको प्रतिनिधि -सदस्य
(झ) प्रतिनिधि, नेपाल मेडिकल एसोसिएशन -सदस्य
(ञ) प्रतिनिधि, नेपाल भेटेरिनरी एसोसिएशन -सदस्य
(ट) प्रतिनिधि, नेपाल रेडक्रस -सदस्य
(ठ) प्रतिनिधि, नेपाल पाराभेटेरिनरी एण्ड
लाईभष्टक एसोसिएशन -सदस्य
(ड) प्रतिनिधि, उपभोक्ता मञ्च -सदस्य
(ढ) जिल्ला कुखुरा पालक संघ वा
कुखुरा पालन व्यवसायीको प्रतिनिधि -सदस्य
(ण) प्रमुख, जिल्ला पशु सेवा कार्यालय -सदस्य-सचिव"

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) र (२ख) थपिएका छन्:-

"(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्राविधिक समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रका विशेषज्ञ तथा सरोकारवालालाई आमन्त्रण गर्न सक्नेछ।

(२ख) उपदफा (१) बमोजिम गठन भएको समितिको सचिवालय जिल्ला पशु सेवा कार्यालयमा रहनेछ।"

४. **मूल आदेशमा दफा ३क.थप:** मूल आदेशको दफा ३ पछि देहायको दफा ३क. थपिएको छ:-

"३क. **क्षेत्रीय बर्ड फ्लु रोग नियन्त्रण समन्वय समिति:** (१) बर्ड फ्लु रोगको रोकथाम र नियन्त्रणको कार्यलाई प्रभावकारी बनाउन प्रत्येक विकास क्षेत्रमा क्षेत्रीय बर्ड फ्लु रोग नियन्त्रण समन्वय समिति रहनेछ।

५५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष तथा सदस्यहरु रहनेछन्:-

(क) क्षेत्रीय प्रशासक -अध्यक्ष

(ख) क्षेत्रीय सुरक्षा प्रमुख (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी) -सदस्य

(ग) क्षेत्रीय निर्देशक, क्षेत्रीय वन निर्देशनालय -सदस्य

(घ) क्षेत्रीय निर्देशक, क्षेत्रीय कृषि निर्देशनालय -सदस्य

(ङ) क्षेत्रीय निर्देशक, क्षेत्रीय स्वास्थ्य निर्देशनालय -सदस्य

(च) प्रमुख, पशु क्वारेन्टाईन कार्यालयहरु -सदस्य

(छ) क्षेत्रीय निर्देशक, क्षेत्रीय पशु सेवा निर्देशनालय -सदस्य-सचिव

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि क्षेत्रीय बर्ड फ्लु रोग नियन्त्रण समन्वय समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रका विशेषज्ञ तथा सरोकारवालालाई आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम गठन भएको समितिको सचिवालय क्षेत्रीय पशु सेवा निर्देशनालयमा रहनेछ ।"

५. **मूल आदेशको दफा ४ मा संशोधन:** मूल आदेशको दफा ४ को,-

(१) उपदफा(१) मा रहेका "परीक्षणको लागि" भन्ने शब्दहरु पछि "नजिकको" भन्ने शब्द राखिएको छ ।

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ:-

"(३) उपदफा (२) बमोजिम पठाइएको नमूना परीक्षण गर्दा बर्ड फ्लु रोग लागेको सम्भावनालाई थप पुष्टि गर्ने प्रतिवेदन प्राप्त भएमा त्यस्तो नमूना लिइएको स्थानलाई केन्द्रविन्दु मानी केन्द्रविन्दुको तीन किलो मिटरसम्मको परिधि भित्रको क्षेत्रलाई नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालयले सम्भावित संकटग्रस्त क्षेत्र घोषणा गर्नेछ ।"

(३) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छ :-

"(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्राविधिक दृष्टिकोणले सम्वेदनशील देखिएको क्षेत्रमा पन्छी, पन्छीजन्य पदार्थ वा पन्छी उत्पादन सामग्री बिक्रि वितरण, भण्डारण वा ओसार पसार गर्न दिंदा बर्ड फ्लु रोग सर्न सक्ने सम्भावना देखिएमा सम्बन्धित प्राविधिकको प्रतिवेदन सहित विभागको सिफारिसमा कृषि तथा सहकारी मन्त्रालयले सार्वजनिक सूचना जारी गरी त्यस्तो क्षेत्रमा पन्छी, पन्छीजन्य पदार्थ वा पन्छी उत्पादन सामग्री बिक्रि वितरण, भण्डारण वा ओसार पसार गर्न रोक लगाउन सक्नेछ ।"

६. <u>मूल आदेशको दफा ५ मा संशोधनः</u> मूल आदेशको दफा ५ को,-

(१) उपदफा (१) मा रहेका "एच फाइव एन वान ($H_5N_1$) भाइरस भएको" भन्ने शब्दहरुको सट्टा "बर्ड फ्लु रोग लागेको" भन्ने शब्दहरु राखी "तीन किलो मिटरसम्मको" भन्ने शब्दहरु पछि "परिधिको" भन्ने शब्द थपिएको छ ।

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि शहरी क्षेत्र वा सघन बस्ती भएको कुनै स्थान वा पंन्छीको संख्या धैरै भएको क्षेत्रमा बर्ड फ्लु रोग लागेको प्रमाणित भएमा त्यस्तो क्षेत्र वा स्थानमा प्राविधिक प्रतिवेदनको आधारमा आवश्यकता अनुसार तीन किलोमिटर भन्दा कमको परिधि भित्रको क्षेत्रलाई पनि संकटग्रस्त क्षेत्र घोषणा गर्न सकिनेछ ।"

(३) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्रबाट बाहिर सात किलोमिटर परिधिसम्मको क्षेत्रलाई विभागले सघन निगरानी क्षेत्र घोषणा गरी बर्ड फ्लु रोगको निगरानी गर्ने व्यवस्था गर्नेछ ।"

(४) उपदफा (५) पछि देहायका उपदफा (६) र (७) थपिएका छन् :-

"(६) अन्तर्राष्ट्रिय सीमा बाहिर बर्ड फ्लु रोग देखा पर्न गएमा त्यस्तो संक्रमित क्षेत्रसँग सिमाना जोडिएका मुलुकभित्रका क्षेत्रमा दूरीको


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हिसाबले त्यस्तो मुलुकको त्यस्तो क्षेत्रलाई समेत यस आदेशको दफा ४ को उपदफा (३) र दफा ५ को उपदफा (१) र (२) मा उल्लेख गरिए बमोजिमको व्यवहार गर्न नेपाल सरकारले यथाशक्य छिटो सम्बन्धित निकाय मार्फत त्यस्तो मुलुकको उपयुक्त अधिकारी समक्ष लेखी पठाउनेछ ।

(७) नेपालको अन्तर्राष्ट्रिय सीमा जोडिएको मुलुकभित्र कुनै ठाउँमा बर्ड फ्लु रोग देखा परी त्यस्तो मुलुकले त्यस्तो रोगको नियन्त्रणका लागि कुनै उपाय अपनाएकोमा त्यस्तो ठाउँबाट तीन किलोमिटरको दुरीमा नेपालको सीमा जोडिएको कारण देखाई सम्बन्धित मुलुकबाट नेपाल सरकार समक्ष लेखी पठाएमा यस आदेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले यस आदेशमा उल्लेख गरिए बमोजिमको व्यवहार गर्नु पर्नेछ ।"

७. **मूल आदेशको दफा ६ मा संशोधनः** मूल आदेशको दफा ६ को उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थपिएका छन् :-

"(३) यस आदेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दफा ५ को उपदफा (१) बमोजिम घोषणा गरिएको संकटग्रस्त क्षेत्र भन्दा बाहिर सोही जिल्लाको अन्य क्षेत्र र संकटग्रस्त क्षेत्रको नजिक पर्ने सोही जिल्लासँग सिमाना जोडीएको अर्को जिल्लामा बर्ड फ्लु रोगको संक्रमण देखा परेमा त्यस्तो स्थानका पन्छी, पन्छीजन्य पदार्थ वा पन्छी उत्पादन सामग्रीलाई नष्ट गरिनेछ । त्यसरी नष्ट गरिएका पन्छी, पन्छीजन्य पदार्थ वा पन्छी उत्पादन सामग्रीको यस आदेशमा उल्लेख भए बमोजिम सम्बन्धित धनीलाई क्षतिपूर्ति दिइनेछ ।

(४) दफा ५ को उपदफा (१) बमोजिम घोषित संकटग्रस्त क्षेत्रबाट पन्छी, पन्छीजन्य पदार्थ वा पन्छी उत्पादन सामग्री संकटग्रस्त क्षेत्र बाहिर लगेको वा सो क्षेत्रमा ल्याएको प्रमाणित भएमा त्यसरी लगिएको वा ल्याईएको पन्छी, पन्छीजन्य पदार्थ वा पन्छी उत्पादन सामग्री जफत गरिने छ र जफत गरिएका र तीसंग प्रत्यक्ष संसर्गमा रहेका सम्पूर्ण पन्छी, पन्छीजन्य पदार्थ वा पन्छी उत्पादन सामग्री समेत नष्ट गरिनेछ । यसरी नष्ट गरिएका पन्छी, पन्छीजन्य पदार्थ वा पन्छी उत्पादन सामग्री मध्ये जफत गरिएका वाहेक अन्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पन्छी, पन्छीजन्य पदार्थ वा पन्छी उत्पादन सामग्रीको यस आदेशमा उल्लेख भए बमोजिम सम्बन्धित धनीलाई क्षतिपूर्ति दिईनेछ।"

८. <u>मूल आदेशको दफा ७ मा संशोधनः</u> मूल आदेशको दफा ७ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम क्षतिपूर्ति प्राप्त गर्नको लागि सम्बन्धित धनीले दफा ६ को उपदफा (१) बमोजिम पन्छी, पन्छीजन्य पदार्थ, पन्छी उत्पादन सामग्री वा सोसँग सम्बन्धित अन्य वस्तुहरु नष्ट गरेको मितिले तीस दिनभित्र त्यस्ता पन्छी पैठारी गर्दा विभागबाट प्राप्त सिफारिस पत्र, पशु क्वारेन्टाईन प्रमाण-पत्र, भन्सार प्रज्ञापन-पत्र र दफा ६ को उपदफा (२) बमोजिम नष्ट गर्ने टोलीले दिएको प्रमाणित कागजात सहित सम्बन्धित जिल्ला पशु सेवा कार्यालयमा निवेदन दिनु पर्नेछ।

तर व्यावसायिक फार्मको रुपमा पन्छी पालन नगर्ने व्यक्तिले विभागको सिफारिस पत्र, क्वारेन्टाइन प्रमाण-पत्र र भन्सार प्रज्ञापन-पत्र पेश गर्नु पर्ने छैन।"

९. <u>मूल आदेशको दफा ९ मा संशोधनः</u> मूल आदेशको दफा ९ को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) बर्ड फ्लु रोग लागेको पन्छीलाई नष्ट गर्न क्वारेन्टाइन क्याम्पमा बस्ने कर्मचारीलाई क्याम्पमा बसेको अवधिभर प्रति व्यक्ति प्रतिदिन तीनसय रुपैयाँका दरले खाना र खाजा खर्च,"

१०. <u>मूल आदेशको दफा १२ मा संशोधनः</u> मूल आदेशको दफा १२ मा रहेका "आवश्यक पर्ने कागजातको ढाँचा" भन्ने शब्दहरु पछि "तथा प्राविधिक कार्यविधि" भन्ने शव्दहरु थपिएका छन्।

आज्ञाले,
लक्ष्मण कुमार पौखरेल
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## नेपाल सरकार
## सूचना तथा सञ्चार मन्त्रालयको सूचना

नेपाल सरकारले चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम २८ग. ले दिएको अधिकार प्रयोग गरी चलचित्र विकास बोर्डको सिफारिसमा सोही नियमावलीको अनुसूचीमा देहाय बमोजिम हेरफेर गरेको छ ।

(१) अनुसूची- १ र ५ को सट्टा यसैसाथ संलग्न भए बमोजिमको अनुसूची - १ र ५ राखिएका छन् ।

(२). अनूसूची-२ को,-

(क) खण्ड १ को उपखण्ड (ख) पछि देहायका उपखण्ड (ग) र (घ) थपिएका छन् :-

"(ग) सम्पर्क टेलिफोन नम्बरः- कार्यालयः
घरः
मोवाइलः

(घ) ईमेल ठेगाना :-"

(ख) खण्ड ३ को सट्टा देहायको खण्ड ३ राखिएको छः-

"३. दरखास्तवाला संस्था वा कम्पनी भएः
(क) दर्ता नं., मिति र कार्यालयः-
(ख) शेयर धनीको नामः
ठेगानाः
टेलिफोन नम्वरः
(ग) दर्ता प्रमाणपत्रको प्रतिलिपिः
(घ) कर प्रयोजनको लागि दर्ता भएको प्रमाणपत्रको प्रतिलिपिः"

(ग) खण्ड ९ को सट्टा देहायको खण्ड ९ राखिएको छः-

"९. बोर्डले समय समयमा तोकेका अन्य कुराहरूः"

(३) अनूसूची-३ को खण्ड १ को उपखण्ड (ख) पछि देहायका उपखण्ड (ग) र (घ) थपिएका छन् :-

"(ग) सम्पर्क टेलिफोन नम्वरः- कार्यालयः
घरः
मोवाइलः

(घ) ईमेल ठेगाना :-"

(४) अनुसूची-६ को ,-

(क) खण्ड १ को उपखण्ड (ख) पछि देहायका उपखण्ड (ग) र (घ) थपिएका छन् :-

"(ग) सम्पर्क टेलिफोन नम्बरः- कार्यालयः
घरः
मोवाइलः

(घ) ईमेल ठेगाना :-"

(ख) खण्ड ४ को सट्टा देहायको खण्ड ४ राखिएको छ :-

"४.इजाजतपत्रकोः (क) किसिमः कथानक चलचित्र/वृतचित्र/कार्टुन चलचित्र/ विज्ञापन चलचित्र/एनिमेशन चलचित्र/चलचित्र नाटक/अन्य
(ख) स्वरुपः स्वदेशी/ विदेशी / दुबै "



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 329

(ग) खण्ड ५ को,

(१) उपखण्ड (ख) को सट्टा देहायको उपखण्ड (ख) राखिएको छ :-

"(ख) चलचित्र निर्माता वा त्यस्तो निर्माताबाट अधिकार प्राप्त व्यक्तिको सिफारिसमा बोर्डको स्वीकृति लिएरमात्र चलचित्र वितरण गर्ने ,"

(२) उपखण्ड (घ) को शुरुमा "प्रत्येक" भन्ने शब्द थपिएको छ।

(३) उपखण्ड (ङ) पछि देहायको उपखण्ड (च) थपिएको छ :-

"(च) वितरकले डिजिटल प्रविधिका चलचित्रहरु विदेशी भूमिबाट भू-उपग्रह वा यस्तै अन्य प्रविधिको माध्यमबाट वितरण नगर्ने । "

(५) अनुसूची-७ को,-

(क) खण्ड १ को उपखण्ड (ख) पछि देहायका उपखण्ड (ग) र (घ) थपिएका छन् :-

"(ग) सम्पर्क टेलिफोन नम्बरः- कार्यालयः

घरः

मोबाइलः

(घ) ईमेल ठेगाना :-"

(ख) खण्ड ७ को उपखण्ड (च) पछि देहायका उप खण्ड (च१.), (च२.), (च३.) (च४.) र (च५.) थपिएका छन्:-

"(च१,) जुन प्रविधिमा चलचित्र प्रदर्शन गर्न इजाजतपत्र पाएको हो सो प्रविधि भन्दा अन्य प्रविधिबाट चलचित्र प्रदर्शन गर्न चाहेमा बोर्डको पूर्व स्वीकृति लिएर मात्र प्रविधि परिवर्तन गर्नु पर्ने,

(च२,) चलचित्र प्रदर्शन गर्ने चलचित्र घर वा त्यस्तो घरमा जडान भएका प्रविधिमा पूर्ण रुपले स्वदेशी लगानी भएको हुनु पर्ने,

(च३,) विदेशी भूमिबाट भू-उपग्रह वा यस्तै अन्य प्रविधिको माध्यमद्वारा वितरण गरिएका डिजिटल प्रविधिका चलचित्रहरु प्रदर्शन गर्न नपाइने,

(च४,) प्रदर्शकले स्वदेशी वा विदेशी चलचित्र प्रदर्शन गर्दा चलचित्र जाँच समितिबाट जाँचपास भएको मितिलाई आधार मानि सबभन्दा पहिले जाँसपास भएको तत् तत् चलचित्रलाई प्रदर्शनको मौका दिनु पर्ने,

तर कुनै चलचित्रको प्रकृति विशेष किसिमको भई त्यस्तो चलचित्र तत्काल प्रदर्शन गर्न उचित छ भन्ने लागेमा बोर्डले त्यस्तो चलचित्र अगाडि नै प्रदर्शन गर्न स्वीकृत दिन सक्नेछ।

(च५,) प्रदर्शकले एकै दिनमा स्वदेशी र विदेशी चलचित्र प्रदर्शन गर्न नपाउने । "

(६) अनुसूची-९ को खण्ड १ को उपखण्ड (क) र (ख) मा रहेको "सेल्युलाइड" भन्ने शब्द पछि "वा डिजिटल" भन्ने शब्दहरु थपिएका छन्।

(७) अनुसूची-१० को खण्ड ८ पछि देहायको खण्ड ९ थपिएको छ:-

"९. दरखास्तवालाले दरखास्त साथ देहायका कागजहरु संलग्न गर्नु पर्नेछ:-

(क) स्वदेशी वा विदेशी चलचित्र दुवैको हकमा बोर्डको सिफारिसपत्र

(ख) विदेशी चलचित्र भए देहायका कुराहरु समेत समावेश गर्नु पर्नेछ:-

(१) नेपाली वा अंग्रेजीमध्ये कुनै एक भाषामा अनुवाद गरिएको कथा, पटकथा, सम्वाद सहितको स्क्रिप्ट,

(२) निर्माता, निर्देशक, मुख्य कलाकार तथा प्राविधिकहरुको नामावली,

(३) चलचित्रको पोष्टर तथा शो कार्ड,

(४) सम्बन्धित मुलुकको अधिकार प्राप्त निकाय वा अधिकारीले चलचित्र जाँच गरी जारी गरेको चलचित्र जाँच प्रमाणपत्रको प्रतिलिपि ।"

८६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -१
(नियम ३ को खण्ड (क) सँग सम्बन्धित)

चलचित्र निर्माण गर्ने इजाजतपत्रको लागि दिइने दरखास्त

श्री सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरवार ।

चलचित्र निर्माण गर्ने इजाजतपत्र पाउनको लागि देहायका कुराहरु खुलाई दरखास्त गरेको छु/छौं :-

१. दरखास्तवालाको,
(क) नाम:
(ख) ठेगाना:
स्थायी: अस्थायी:
(ग) सम्पर्क टेलिफोन नम्बर:- कार्यालय:
घर:
मोवाइल:
(घ) इमेल ठेगाना:

२. नागरिकता: नागरिकता नं. (विदेशी भए पासपोर्ट नं.),
जारी गर्ने अधिकारी र मिति:

३. दरखास्तवाला संस्था वा कम्पनी भए,
(क) दर्ता नं., मिति र कार्यालय:
(ख) शेयरधनीको नाम:
ठेगाना:
टेलिफोन नम्वर:
(ग) दर्ता प्रमाणपत्रको प्रतिलिपि :
(घ) कर प्रयोजनको लागि दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि:

४. निर्माण गर्ने चलचित्रको,
(क) किसिम:- कथानक चलचित्र/वृत्तचित्र/कार्टुन चलचित्र/विज्ञापन चलचित्र/एनिमेशन चलचित्र/चलचित्र नाटक/अन्य
(ख) आकार: पूर्ण चलचित्र/लघु चलचित्र/अल्प चलचित्र
(ग) नाम: नेपालीमा: अङ्ग्रेजीमा:
(घ) भाषा:
(ङ) प्रविधि:सेल्युलाईड(३५ एम.एम/१६ एम.एम.)/डिजिटल/भिडियो/अन्य:
(च) क्यामराको किसिम:
(छ) क्यामरामा प्रयोग हुने कच्चा पदार्थ (म्यागजिन): रिल/चिप्स/डि.भि.क्याम /भिडियो/अन्य
(ज) कथासार र गीत

५. कथा रचना गर्ने व्यक्तिको नाम:

६. प्रकाशित रचना भए प्रकाशकको नाम:


323
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. गीत समावेश भए गीतकारको नाम:

८. चलचित्र:-
(क) निर्देशकको नाम:
(ख) मुख्य कलाकारको नाम (महिला/पुरुष):

९. निर्माण भइसकेको वा निर्माणाधीन चलचित्रसँग सो चलचित्रको नाम मिल्ने वा नमिल्ने:

१०. छायाङ्कन गर्ने स्थान:

११. कलाकार संख्या: स्वदेशी:.................. विदेशी:..........................

१२. प्राविधिज्ञको संख्या: स्वदेशी:.................. विदेशी:..........................

१३. चलचित्र निर्माण गर्न लाग्ने कूल अनुमानित पूँजी:
(क) कलाकारको पारिश्रमिक खर्च:
(ख) प्राविधिज्ञको पारिश्रमिक खर्च:
(ग) प्राविधिक सामग्री खर्च:
(घ) ल्याव खर्च:
(ङ) उपकरण खर्च:
(च) लोकेशन खर्च:
(छ) विज्ञापन खर्च:
(ज) अन्य खर्च:

१४. चलचित्रको निर्माण गर्ने उद्देश्य: सामाजिक/राजनैतिक/साँस्कृतिक/मनोरञ्जनात्मक/शैक्षिक/सन्देशमूलक/अन्य

१५. निर्माण गर्ने चलचित्रको प्रदर्शनको स्वरूप:-
(क) राष्ट्रिय वा अन्तर्राष्ट्रिय रूपमा वा दुवै रूपमा:-
(ख) सार्वजनिक वा आन्तरिक वा दुवै रुपमा:-

१६. प्रदर्शन गर्ने चलचित्रघरको किसिम:-
(क) सेलुलाईड
(ख) डिजिटल/ भिडियो
(ग) चलचित्रघर भन्दा वाहिर :-

१७. कथाकार तथा गीतकारको मञ्जुरनामा र मुख्य कलाकार तथा निर्देशकसँग भएको सम्झौतापत्रका प्रतिलिपिहरु:

१८. बोर्डले समय समयमा तोकेका अन्य कुराहरु:

दरखास्तवालाको दस्तखत:
मिति:

मुद्रण विभाग, सिंहदरबार


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

### अनुसूची -५
(नियम ४ को खण्ड (क) सँग सम्बन्धित)

**चलचित्र निर्माण गर्न दिइने इजाजतपत्र**

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ बमोजिम चलचित्र निर्माण गर्न यो इजाजतपत्र दिइएको छ ।

इजाजतपत्र नं.
मितिः

१. इजाजतपत्र पाउनेको ;
(क) नामः
(ख) ठेगानाः
स्थायीः अस्थायीः
(ग) सम्पर्क टेलिफोन नम्वरः- कार्यालयः
घरः
मोवाइलः
(घ) इमेल ठेगानाः

२. चलचित्रको,
(क) किसिमः
(ख) नामः
(ग) भाषाः
(घ) कुल लम्बाईः

३. कथा रचना गर्ने व्यक्तिको नामः

४. चलचित्र निर्देशकको नामः

५. गीत समावेश भएको भए गीतकारको नाम :

६. चलचित्र छायाङ्कन गर्ने ठाउँः

७. चलचित्रको,
(क) निर्माण शुरु गर्ने प्रस्तावित मितिः
(ख) निर्माण गर्दा लाग्ने प्रस्तावित अवधिः
(ग) निर्माण गर्न लाग्ने कुल अनुमानित पूँजीः
(घ) मुख्य कलाकारको नाम (महिला/पुरुष):

८. इजाजतपत्र वहाल रहने अवधिः

९. चलचित्र निर्माण गर्ने उद्देश्यः सामाजिक/राजनैतिक/साँस्कृतिक/मनोरञ्जनात्मक/शैक्षिक/सन्देशमूलक/अन्य

मुद्रण विभाग, सिंहदरबार

१०. निर्माण गर्ने चलचित्रको प्रदर्शनको स्वरूपः
(क) राष्ट्रिय वा अन्तर्राष्ट्रिय रूपमा वा दुवै रूपमा:
(ख) सार्वजनिक वा आन्तरिक वा दुवै रूपमा:

११. प्रदर्शन गर्ने चलचित्रघरको किसिम:
(क) सेलुलाईड
(ख) डिजिटल/भिडियो
(ग) चलचित्रघर भन्दा वाहिर:-

१२. चलचित्र निर्माण गर्ने प्रविधि:सेल्युलाईड(३५एम.एम/१६एम.एम.)/डिजिटल/भिडियो/अन्य:

१३. क्यामराको किसिम:

१४. इजाजतपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्तहरु :
(क) इजाजतपत्रमा तोकिएको स्थानमा स्वीकृत कथावस्तु अनुरुप चलचित्र छायाङ्कन गर्नु पर्ने,
(ख) नेपाल सरकारले निषेध गरेको ठाउँमा चलचित्र छायाङ्कन नगर्ने,
(ग) राष्ट्रिय सम्मान, संस्कृति, परम्परा वा धार्मिक मान्यतामा आघात पर्ने गरी चलचित्र निर्माण नगर्ने,
(घ) चलचित्र निर्माण गरिसकेपछि चलचित्र निर्माण हुँदा भएका खर्च, चलचित्र निर्माणमा संलग्न कलाकार तथा छायाङ्कन गरिएको ठाउँ समेत खुलेको विवरण छायाङ्कन समाप्त भएको मितिले पैंतीस दिनभित्र मन्त्रालय समक्ष पेश गर्ने,
(ङ) विदेशी चलचित्र निर्माताले नेपाल राज्यभित्र खिचिएको चलचित्रको एकप्रति मन्त्रालयमा निःशुल्क पेश गर्ने,
(च) विदेशी निर्माताले नेपाल राज्यभित्र छायाङ्कन गरेको चलचित्र पहिलो पटक विदेशमा प्रदर्शन गर्नु अघि नेपाली राजदूतावास, महावाणिज्य दूतावास वा वाणिज्य दूतावासको स्वीकृति लिनु पर्ने,
(छ) सार्वजनिक रूपमा चलचित्र प्रदर्शन गर्ने प्रयोजनको लागि प्रचार प्रसार गर्दा जुन प्रविधिवाट चलचित्र निर्माण गर्ने गरी इजाजतपत्र पाएको हो त्यस्तो प्रविधि चलचित्र तथा त्यस्तो चलचित्रको प्रचार प्रसार सामग्रीमा उल्लेख गर्नु पर्ने,
(ज) मन्त्रालय वा बोर्डले चलचित्र निर्माण सम्बन्धमा दिएको निर्देशनको पालना गर्ने ।

इजाजतपत्र दिने अधिकारीको,
दस्तखत:
नाम:
पद:
कार्यालय:
मिति:

आज्ञाले,
लीलामणि पौड्याल
नेपाल सरकारको सचिव



मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३५